# औरही नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

औरही, महोत्तरी
प्रदेश नं. २, नेपाल

पत्र संख्या :- २०७७/७८
**चलानी नं. :-**

मिति :- २०७७/०४/२५

**पूर्ण रुपमा लकडाउन गरिएको सम्बन्धी**
**अत्यन्त जरुरी सूचना ॥**

विश्वभरी महामारीको रुपमा फैलिएको कोभिड - १९ बाट हाल प्रदेश नं. २ को जिल्लाहरुमा तिब्र गतिले सङ्क्रमण बढ्दै गईरहेको तथा औरही नगरपालिकाको कार्मचारी र नगरवासीमा समेत कोरोना पोजेटिभ देखिएको हुनाले जोखिम रोकथाम तथा न्युनिकरणका लागि आजै **मिति २०७७/०४/२५ गते राती १२:०० बजे** देखी अर्को सूचना जारी नभएसम्मका लागि **औरही नगरपलिका पूर्ण रुपमा लकडाउन गरिएको** व्यहोरा अनुरोध छ । यस नगरभित्र अति आवश्यक स्वास्थ्य सेवा वाहेकका सबै सेवा, व्यवसाय र कार्यालयहरु (नगर मातहतका कार्यालयहरु, बैंक तथा वित्तिय संस्था लगायत नगरभित्रका सम्पूर्ण बजार हाट) पूर्ण रुपमा बन्द गर्ने निर्णय गरिएको छ । अति आवश्यक काम वाहेक नगरभित्र आवतजावत गर्न पूर्ण रुपमा बन्देज लगाईएको, अनुमति प्राप्त सवारी साधन वाहेक सबै प्रकारका सार्वजनिक तथा निजी यात्रुवाहक सवारी (मोटरसाईकल समेत) संचालन नगर्ने, जमघट हुने सबै किसिमका सभा, सम्मेलन, भोजभतेर जस्ता क्रियाकलाप बन्द गर्न सम्बन्धित सबैमा जानकारी एवं कार्यान्वयनको लागि यो सूचना जारी गरिएको छ ।

सूचनाको पालन नगरिएको पाईएमा कानून बमोजिम कार्यवाही हुने व्यहोरा समेत जानकारी गराईन्छ ।

..............................
सुनिल कुमार यादव
(नगर प्रमुख)